नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/०७
च.नं. :- 323

श्री स्थानीय तह (सबै) ।

विषयः- जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय, कानून तथा फैसला शाखाको च.नं. २४० प.स.०७६/७७ मिति २०७६/११/२ को अदालतको आदेश कार्यान्वयन सम्बन्धको पत्रानुसार बुँदा नं. ११/२१३ राजु प्रसाद चापगाई मन्त्रिपरिषद्को को कार्यालय समेत परमादेशमा भएको व्यहोरा यसैसाथ संलग्न छ । उक्त परमादेश कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह समेतको हुने भएकोले उक्त परमादेश कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/०७
(राजकुमारि बोहरा)
शाखा अधिकृत

**बोधार्थ :**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून तथा फैसला शाखा, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
कानून तथा फैसला कार्यान्वयन शाखा
फोन नं ४२००२९७

प.स.- कानून/आदेश कार्यान्वयन/०७६/७७
च.नं.: २४०

मितिः- २०७६/११/२

विषय : अदालतको आदेश कार्यान्वयन सम्बन्धमा ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६६१
मितिः- २०७६/११/०६

श्री स्थानीय तह समन्वय शाखा
श्री सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त विषयमा रिट निवेदक अधिवक्ता राजु प्रसाद चापागाई र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेश समेत विषयको रिट निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३/२/२६ मा आदेश भएको र फैसला कार्यान्वयन निर्देशनालयबाट उक्त आदेश/फैसलाको कार्यान्वयनको अवस्था बारे जानकारी माग भई आएको हुँदा सम्मानित अदालतबाट जारी भएको उक्त आदेशको हालसम्मको कार्यान्वयन सम्बन्धी अवस्थाको विवरण उपलब्ध गराई दिनुहुन मिति २०७३/२/२६ मा भएको आदेशको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ ।

२०७६/११/२

(विजय राज ओझा)
शाखा अधिकृत (कानून)

श्री जगत/रजकुमारजी
०७६/११/५

दर्ता नं:- १०८८५
२०७६।१०।२६

# सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय २०६६

बबरमहल, काठमाडौं
फोन नं : ०१-४२५९६०२
फोन नं : ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

मिति २०७६।१०।२०

प. सं. ०७६।०७७
च. नं ४२४

विषयः- सार्वजनिक सरोकारको विवादमा भएका आदेश निर्देशनात्मक / आदेश कार्यान्वयन सम्वन्धमा

श्री संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यन्वयन शाखा)

उपरोक्त सम्वन्धमा तहा मन्त्रालयको नाममा यस निर्देशनालयमा रहेको लगतको विवरण थान १० को विवरण यस निर्देशानलयको च.नं. २५५ मिति २०७६।८।३ मा पठाई सकिएको छ ।

न्यायपलिकाको चौथो पञ्वर्षिय रणनितिक योजना २०७६।७७-२०८०।८१ को रणनितिक उद्देश्य अनुसार सार्वजिनिक सरोकारको विवादमा आदेशमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा १ बर्ष आदेश/फैसला कार्यान्वयन गरि सक्नु पर्ने भन्ने व्यवस्था रहे भएको सन्दर्भमा प्रस्तुत पत्र लेखिएको छ ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३४ मा फैसला कार्यान्वयनको समयावधि बढाउन निवेदन दिन सक्ने (१) कानून निर्माण गर्न पुरा गर्नु पर्ने लामो प्रकृया वा अन्य कावुबाहिरको परिस्थितिले गर्दा कुनै निर्देशनात्मक आदेश निर्धारित समय भित्र कार्यान्वयन गर्न नसकेमा वा नसक्ने भएमा सो को आधार र कारण खोली सम्वन्धित निकाय वा अधिकारीले महान्यायाधिवक्ता मार्फत मुख्य रजिष्ट्रार समक्ष आदेश कार्यान्वयन गर्ने मनासिव समयावधि थप गर्न निवेदन दिन सक्ने छ भन्ने प्रावधान समेत रहेको हुदा त्यस मन्त्रालय / मातहत निकायको अभिलेखमा १० संख्या रहेकोमा सो को कार्यान्वयनको प्रगति विवरण सहित कार्यान्वयन गर्न केही बाकी वा नसक्ने अवस्था सहितको विवरण सहित सम्पूर्ण व्यहोरा उल्लेख गरी, सर्वोच्च अदालत नियमावली, २०७४ को नियमा १३४(१) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिन हुन निर्देशानुसार अनुरोध छ ।

२०७६।१०।२०
पुष्पराज तिमल्सिना
शाखा अधिकृत

शाखा अधिकृत

<u>वोधार्थ</u>

श्री महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाण्डौ । -

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ६३ | रमेश निरौला समेत | प्र.म. तथा म.प.स. को कार्यालय समेत | उत्प्रेषणयुक्त परमादेश | ...नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) विपरीत कानून निर्माण नगरी धारा ११(१) को समानताको हक विपरित हुने गरी शिक्षा मन्त्रालयको २०६०।५।१५ को पत्रको आधारमा मिति २०६१।५।८ को त्रि.वि.कार्यकारी परिषदको बैठकको नि.नं. ६६२ निर्णय र सो को आधारमा आरक्षण सिटमा आवेदन गर्ने<br>१. मिति २०६१।५।१० को सूचना धारा ११(३) को प्रतिबन्धात्कम वा म्याशको विपरित देखिदा उत्प्रेषणको आदेश बाट बदर धारा ११(३) को प्रतिबन्धात्कम<br>२.बाम्यार्श अनुसार कानून नबनाएको हुदां यसै आर्थिक वर्ष भित्रमा यथाशम्य चाँडो आर्थिक सामाजिक वा शैक्षिक दृष्टिबाट पिछडिएको आशत्क भन्ने निरोपणका स्पष्ट आधार तोक ि कानून निमाoृण गरी पिछडिएका संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण संचालन गर्नु भनि म. परिषदको नाममा निर्देशनात्मक आदेश... | महिला बालबालिका तथा जेष्ठ नागरिक | निरन्तर ताकेता गर्नुपर्ने / समय लाग्ने | नि.आ. | २०६१-०७-१३ | समानताको हक | २०६८-०५-१५ | कानून कार्यान्वयन | |
| १० | २१२ | पुन्यशिला दवाडी घिमिरे | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | परमादेश | ...यौन हिसाका पीडितहरुको न्यायिक उपचारको लागि लामो समय लाग्न सक्ने र त्यतिञ्जेल पीडितहरुको व्यवस्था केही पनि नभएमा पछिबाट अदालतबाट न्याय नै प्राप्त भएमा पनि भोग्न नसक्ने गरी निरर्थक अवस्था सिर्जना हुने हुनाले यौन हिसाबाट पीडित भनी पहिचान भै सकेपछि मुद्दामा अनुसन्धान वा न्याय निरोपणको प्रक्रिया जारी रहे वा नरहे पनि वा सो को टुंगो लाग्दा सम्मको लागि पीडितको स्वास्थ्य शिक्षा राहात न्यायिक एवं कानूनी सहायता तथा संरक्षणको लागि चाहिने व्यवस्थाको लागि लैंगिक हिसा सम्बन्धि कोषको व्यवस्था गर्नु स्थापित कोषबाट तदनुकूल सुगम ढंगले उपयोग गर्नसक्ने कार्यविधि समेत निर्धारण गरी पीडितको राहतमा पहुँच अभिवृद्धि गर्ने लगायतको छुट्टै कार्यक्रम सरोकारवालाहरुको आवश्यकता अनुसार परामर्श गरी लागु गर्न तथा मुद्दाको किनारा नभएसम्मका लागि अन्तरिम राहत व्यवस्थापन गर्न समेत नेपाल सरकारको नाममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेतको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ... | महिला बालबालिका तथा जेष्ठ नागरिक | लगत कट्टाका लागि लेखि आएको / कार्यान्वयन भैरहेको | नि.आ. | २०७२-१०-२१ | अपराध पिडितको हक | २०७३-११-०२ | कानून कार्यान्वयन | |
| ११ | २१३ | राजु प्र. चापागाई | मन्त्रीपरिषद्को कार्यालय समेत | परमादेश | ...जिवन नै संकटमा परेका अशक्त ,असाहाय , परित्यक्त तथा चरम गरिबीमा रहेका महिला,बालक तथा बृद्धअवस्थाका नेपाली नागरिकहरुको बाच्न पाउने मौलिक अधिकारको संरक्षणका लागि त्यस्तो अवस्थाका नागरिकहरुको वास्तविक विवरण संकलन गरि १ (एक) वर्ष भित्र उचित बासस्थान र भरणपोषणको कार्य सम्पन्न गर्नु भनी नेपाल सरकार प्रधानमन्त्रि तथा मन्त्रिपरिषद कार्यालय समेतका बिपक्षीहरुको नाउँमा परमादेशको आदेश जारि हुने ठहर्छ । आज भन्द ५ दशक अगाडि मुलुकी ऐन गरिब कंगालको महलमा भएको व्यवस्था कार्यान्वयन हाल सम्म हुन सकेको देखिदैन ।ं अर्को तर्फ बिभिन्न समयमा नागरिकको सामाजिक सुरक्षाका सम्बन्धमा नियमन गर्न बिभिन्न ऐन नियम तर्जुमा भएपनि सो अनुसारको आवश्यक संस्थागत व्यवस्था भै लक्षित बर्ग उन्मुख कार्यक्रम संचालन भै लक्षित बर्ग सम्म त्यसको पहुच स्थापित हुन सकेको समेत नदेखिंदा नेपाल सरकारका नाउँमा देहाय क,ख,ग,घ,ङ उल्लेख भए बमोजिमको निर्देशनात्मक आदेश समेत जारि गरिदिएको छ... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | निरन्तर ताकेता गर्नुपर्ने / समय लाग्ने | नि.आ. | २०७३-०२-२६ | सामाजिक सुरक्षा | २०७३-११-०४ | कानून कार्यान्वयन | |
| १२ | १३९ | कविता पाण्डे समेत | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश | ...त्यसैले महिला बर्गलाई पिडित पार्ने उल्लेखित प्रथा लगायत सबैखाले प्रथाहरुको उन्मुलन गर्न निम्न बमोजिम उपाय गर्नु गराउनु भनी बिपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ-<br>१. बालविवाहलाई पूर्ण रुपमा निषेध गर्न कानूनी एवं व्यवहारिक जो चाहिने उपाय गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु,<br>२. बैकल्याको रुपमा रहेका व्यक्तिहरु रहेको समुदाय वा क्षेत्रमा त्यस सम्बन्धी समस्याको प्रकृति र परिणामलाई विभिन्न कोणबाट अध्ययन गर्न विशेष कार्यदल गठन गरी अध्ययन र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले गर्नु,<br>३. बैकल्याहरुलो कानून विपरित भोगेको भेदभाव वा यातना जन्य व्यवहारको अध्ययन गरी सो हटाउन उचित उपायहरु प्राप्त गर्न सक्ने गराउने सम्बन्धमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले खास संस्थागत संयन्त्रको व्यवस्था गरी लागु गर्नु, गराउनु,<br>४. यस सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकाय र केन्द्रदेखि जिल्ला स्तर सम्मका बालकल्याण समितिहरु बिच समन्वय गरी आवश्यक कार्यहरु गर्नु, गर्न लगाउनु ,<br>५. बैकल्या प्रथाको अन्त्य गर्न र बैकल्या हुने दाइजो लगायतको कारणहरुको जरो सम्म पुगेर सो प्रथाको समुल समाप्त गर्नलाई कानूनी, संस्थागत र जनचेतनाकारी कार्यक्रम समेत संचालन गर्न गराउन | महिला बालबालिका तथा जेष्ठ नागरिक | लगत कट्टाका लागि लेखि आएको / कार्यान्वयन भैरहेको | नि.आ | २०६९-०२-०३ | बालबालिका को हक | २०७०-०१-२४ | निति निर्माण | |